प्रशासन ४३३
२०८०।२।१८

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

(कानून तथा फैसला कार्यान्वयन महाशाखा)

प.सं. : २०७९/८० (कानून)

च.नं. : १६८

मितिः २०८०/०२/१७

विषयः सक्कल फाइल फिर्ता पठाइएको सम्बन्धमा ।

महानिर्देशक
दर्ता नं. ९३६४
मिति- ०८०।२।१६

श्री विद्युत विकास विभाग,
सानोगौचरण, काठमाडौ ।

उपरोक्त सम्बन्धमा चम्पावती हाइड्रोपावर प्रा.लि. लाई वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५(१)(ख) बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा ३५(१)(ख) बमोजिम रू. १०,००,०००।– (दश लाख रूपैया) तथा विद्युत ऐन, २०४९ को दफा ३८(२) बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा ३८(२) बमोजिम रु ५,००,००० ।- (पाँच लाख रुपैया) जरिवाना गर्ने र जरिवाना असुल उपर गर्न लगाउन फाईल कागजात विद्युत विकास विभागमा पठाउने भनी यस मन्त्रालयको (सचिवस्तर) बाट मिति २०८०/०२/१६ मा भएको निर्णय सहितको सक्कल फाईल आवश्यक निर्णय कार्यान्वयनका लागि तहाँ विभागमा पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

पुनश्चः श्री चम्पावती हाइड्रोपावर प्रा.लि. को नाउँमा यस मन्त्रालयबाट जारी भएको च.नं.१६७, मिति २०८०/०२/१७ को निर्णयको जानकारी सम्बन्धी पत्र (दुई प्रति) यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । उक्त निर्णयको जानकारी सम्बन्धी पत्र यथाशिघ्र रितपूर्वक तामेल गरी सोको भरपाईको प्रतिलिपि यस मन्त्रालयमा पठाईदिनुहुन आदेशानुसार अनुरोध छ ।

२०८०।०२।१६
....................
(स्नेहा शर्मा)
शाखा अधिकृत (कानून)

आयोजना अध्ययन महाशाखा
अनुमतिपत्र महाशाखा
योजना, वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा
आयोजना अनुगमन, सुविधा सिफारिस तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा
प्रशासन शाखा
आर्थिक प्रशासन शाखा
...नून शाखा

२०८०।२।१९

उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव दिनेश कुमार घिमिरेबाट भएको

निर्णय आदेश

अनुमतिपत्र जारी गर्ने निकाय - उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय ।

विरुद्ध

वि.वि.वि.०७६।७७ वि.उ.२९७ को विद्युत उत्पादनको अनुमतिपत्र (चेपे ए जलविद्युत आयोजना ७ मेगावाट)
अनुमतिपत्र प्राप्त गर्ने संस्था - श्री चम्पावती हाइड्रोपावर लि.।

विषय : वातावरण संरक्षण ऐनको दफा ३५(१)(ख) र विद्युत ऐनको दफा(३८)(२) को उल्लंघन समेत ।

चेपे ए जलविद्युत आयोजनाको प्रवर्द्धक चम्पावती हाइड्रोपावर लि. ले आयोजनाको स्विकृत प्रारम्भिक वातावरण परिक्षण(IEE) भन्दा विपरित आयोजनाको विद्युत गृह निर्माण गरेको सन्दर्भमा वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५(१)(ख) बमोजिम दश लाख रूपैया तथा विद्युत उत्पादनको अनुमतिपत्रको शर्तहरू उल्लंघन गरेको सन्दर्भमा विद्युत ऐन, २०४९ को दफा ३८(२) बमोजिम पाँच लाख रूपैया जरिवाना हुन विद्युत विकास विभागबाट लेखि आएको रहेछ ।

उपरोक्त सम्बन्धमा यस मन्त्रालयबाट मिति २०७९/११/१४ को निर्णय बमोजिम माग गरिएको स्पष्टीकरणमा उक्त कम्पनीले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन(IEE) का क्रममा Terms of Reference(TOR) स्विकृत गराएर त्यसमा संलग्न नक्शाको फोटोकपी IEE प्रतिवेदनमा संलग्न गरेर स्वीकृत तथा अनुमति लिएपछि मात्र निर्माण कार्य शुरू गरेको, IEE बाट लिइएका उक्त स्पष्टीकरणको पत्रसाथ संलग्न अनुसूची १ देखि ५ सम्म रहेका प्रावधानहरूमा पावर हाउस एरिया र टेलरेसका बारेमा उल्लेख गरिएको र आयोजनाको अनुमतिपत्र लिने बेलामा पेश गरिएको नक्शामा नदी १८० डिग्री घुमेको स्थानको वीचको भागमा पावर हाउस अन्तर्गतका संरचना बनाउने भनेर प्रष्ट देखाइएको र उक्त कम्पनीबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको विपरीत हुने गरी कुनै कामकारवाही नभएको भन्ने व्यहोराको यस मन्त्रालयमा मिति २०७९/११/२९ मा स्पष्टीकरण पेश भएको देखिन्छ ।

उक्त स्पष्टीकरण चित्त बुझ्दो नदेखिएकोले मिति २०७९/१२/२६ मा वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५(१)(ख) मा भएको व्यवस्थाको उल्लंघन गरेकोले सोही ऐनको दफा ३५(१)(ख) बमोजिम रू. १०,००,०००।- (दश लाख रूपैया) जरिवाना र विद्युत उत्पादन अनुमतिपत्रमा उल्लेखित शर्तको पालना नगरी विद्युत ऐन, २०४९ को दफा ३८(२) को व्यवस्थाको उल्लंघन गरेको देखिएकोले सोही ऐनको सोही दफा३८(२) बमोजिम रु. ५,००,०००।- (पाँच लाख रूपैया) जरिवाना गर्ने सजायको प्रस्ताव समेत गरी पुन : स्पष्टीकरण माग भएकोमा यस मन्त्रालयका सहसचिव श्री कृष्ण प्रसाद नेपालको संयोजकत्वमा गठित समितिले दिएको प्रतिवेदनका आधारमा आयोजनाको निर्माण कार्य अगाडि बढी रहेको, IEE मा समावेश नक्सा रहेकै स्थानमा पावर हाउस तथा टेलरेस अन्तर्गतका संरचना निर्माण गरेको, अनुमतिपत्रमा उल्लिखित क्षेत्र बाहिर गई कुनै संरचना निर्माण नगरेको भन्ने व्यहोराको स्पष्टीकरण यस मन्त्रालयमा मिति २०८०/०१/१२ मा पेश भएको देखिन्छ ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

फाईल संलग्न कागजातको अध्ययन गर्दा विद्युत विकास विभागको मिति २०७९/०७/२० को निर्णय सि.डि.इ. सुनिल कुमार पियाको संयोजकत्वमा गठित समितिले पेश गरेको प्रतिवेदनको निष्कर्ष खण्डमा चेपे ए जलविद्युत आयोजनाको विद्युत गृह चेपे खोलाको बायाँ किनार तर्फ सिंचाइ आयोजनाको इन्टेक भन्दा केही तल निर्माण भइरहेको भनी उल्लेख भएको छ । यस मन्त्रालयको मिति २०७९/०९/०५ को निर्णयले सहसचिव श्री कृष्ण प्रसाद नेपालको संयोजकत्वमा गठित समितिको प्रतिवेदनको निष्कर्ष खण्डमा रहेको "कार्ययोजना बुदाँ नं.२" मा आयोजनाको स्वीकृत IEE बमोजिम पूर्वस्वीकृत स्थान(around 200.m upstream of irrigation intakes) मा पावरहाउसको tailrace लाई प्राकृतिक रूपमा छाड्दा असर हुने देखिदैन । हाल पावरहाउस Irrigation Intake को downstream मा left bank मा निर्माण भएको भन्ने व्यहोरा उल्लेख छ ।

विद्युत विकास विभागबाट र यस मन्त्रालयबाट गठित समितिले स्थलगत अवलोकन गरी पेश गरेको प्रतिवेदनमा उल्लेखित व्यहोराबाट चेपे ए खोला जलविद्युत आयोजनाको प्रवर्द्धक कम्पनी चम्पावती हाइड्रोपावर लिमिटेडले आयोजनाको स्वीकृत IEE बमोजिमको स्थानमा विद्युत गृह निर्माण नगरि अन्यत्र निर्माण गरेको देखिएकोले चम्पावती हाइड्रोपावर लिमिटेडले पेश गरेको स्पष्टीकरणमा उल्लेखितत व्यहोरालाई सत्य मान्न सकिने अवस्था देखिदैन । आयोजनाले गरिरहेको विद्युत गृह निर्माणको कार्य स्वीकृत IEE बमोजिम भएको नदेखिएको र स्वीकृत प्रतिवेदन विपरित हुने कार्य गरेको देखिएकोले र उक्त विद्युत गृहको निर्माण कार्य विद्युत उत्पादनको अनुमतिपत्रको शर्त नं.७ (ग), (द) र (म) मा भएको शर्तको समेत उल्लंघन भएको प्रष्ट देखिन्छ ।

अत: चम्पावती हाइड्रोपावर लि. ले विद्युत गृह निर्माणको कार्य स्वीकृत IEE बमोजिम भएको नदेखिएकोले र स्वीकृत प्रतिवेदन विपरित हुने कार्य गरेको देखिएकोले वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५(१)(ख) बमोजिम रू. १०,००,०००।– (दश लाख रूपैया) जरिवाना हुन र उक्त विद्युत गृहको निर्माण कार्य विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि.०७६/७७ वि.उ.२९७) को शर्त नं. ७(ग), (द) र (म) मा भएको शर्तको समेत उल्लंघन भएको देखिएकोले विद्युत ऐन, २०४९ को दफा ३८(२) बमोजिम रु ५,००,००० ।- (पाँच लाख रुपैया) जरिवाना गर्न लगाउन निर्देशन दिएको छु । अरु तपशिल बमोजिम गर्नू ।

<u>तपशिल</u>

१. चम्पावती हाइड्रोपावर लि. बाट निर्णय बमोजिम जरिवाना असुल गर्न फायल विद्युत विकास विभागमा पठाउनू ।
२. निर्णयको जानकारी सरोकारवालाई दिनू ।
३. सरोकारवालाले निर्णयको प्रतिलिपि माग गरेमा कानून बमोजिम प्रतिलिपि दिनु ।

(दिनेश कुमार घिमिरे)
सचिव

इति सम्वत् २०८० साल जेष्ठ १६ गते रोज ०३ शुभम् ...................................................................... ।

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

(कानून तथा फैसला कार्यान्वयन महाशाखा)

प.सं. : २०७९/८० (कानून)
च.नं. : १६६

मिति: २०८०/०२/१

विषयः निर्णयको जानकारी सम्बन्धमा ।

श्री चम्पावती हाइड्रोपावर प्रा.लि.,
नागार्जुन-०१, काठमाडौं ।

उपरोक्त सम्बन्धमा तपाई श्री चम्पावती हाइड्रोपावर प्रा.लि. ले विद्युत गृह निर्माणको कार्य स्वीकृत IE
बमोजिम भएको नदेखिएकोले र स्वीकृत प्रतिवेदन विपरित हुने कार्य गरेको देखिएकोले वातावरण संरक्षण ऐन, २०७६ व
दफा ३५(१)(ख) बमोजिम रू. १०,००,०००।– (दश लाख रूपैया) जरिवाना हुन र उक्त विद्युत गृहको निर्माण का
विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि.०७६/७७ वि.उ.२९७) को शर्त नं. ७(ग), (द) र (म) मा भएको शर्तक
समेत उल्लंघन भएको देखिएकोले विद्युत ऐन, २०४९ को दफा ३८(२) बमोजिम रु ५,००,००० ।- (पाँच लाख
रुपैया) जरिवाना गर्न लगाउने भनी यस मन्त्रालयको (सचिवस्तर) बाट मिति २०८०/०२/१६ मा निर्णय भएकोले उक्त
निर्णयको प्रतिलिपि पाना-२ जानकारीका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

२०८०/०२/१६

......................
(स्नेहा शर्मा)
शाखा अधिकृत (कानून)

Phone: 977-01-4211516, 977-01-4200031, Fax: 977-01-4211510, Email: info@moewri.gov.np, Web site: www.moewri.gov.np